# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३८ ❖ २०८३ वैशाख ९ गते बुधबार ❖ Wednesday, 22 April, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### एनएफडीन तथा डब्लुडब्लुएफ नेपालको एफ्पिकसम्बन्धी अभिमुखीकरण

## 'जनजातिहरुलाई समेट्दै कार्यक्रम बृहत्रुपमा लैजानुपर्छ'



**- बबिलाल तामाङ**

भरतपुर । आदिवासी जनजातिलाई लक्षित गरी स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी (एफ्पिक) सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

आदिवासी जनजाति विकासका लागि राष्ट्रिय प्रतिष्ठान (एनएफडिन) तथा डब्लुडब्लुएफ नेपालको सहयोगमा मंगलबार भरतपुरको भरतपुर गार्डेन रिसोर्टमा एफ्पिकसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा एनएफडीनका प्रशिक्षक खिम घलेले एफ्पिकको कानुनी प्रक्रिया, सन्दर्भ र उपकरणहरुलगायतका विषयमा प्रशिक्षण दिए । चितवन राष्ट्रिय निकुञ्ज प्रमुख गणेश पन्तले सामुदायिक वन तथा निकुञ्जका जोखिमबारे प्रष्ट पारेका थिए ।

नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) चितवनका अध्यक्ष सागर कुमालले एफ्पिक सम्बन्धी अभिमुखीकरण कार्यक्रमको प्रशंसा गर्दै आगामी दिनमा अझ बढी आदिवासी जनजातिलाई समेट्दै वृहत रुपमा लैजानुपर्ने सुझाव दिए ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) का उपाध्यक्ष चन्द्रलाल राजभण्डारी, विश्वव्यापी कोष र प्रकृति नेपाल (डब्लुडब्लुएफ) का डा घना एस गुरुङलगायतले मन्तव्य

(बाँकी ५ पेजमा)

## भरतपुर महानगरको नतिजामा गिरावट

### ३९ सामुदायिक र ७० प्रतिशत निजीमा उत्तीर्ण

भरतपुर । सरकारले लगानी गरेको यहाँका सामुदायिक विद्यालयको नतिजा दयनीय देखिएको छ । हालै सार्वजनिक कक्षा ८ को नतिजामा प्रगति हुन नसकेको हो ।

भरतपुर महानगरपालिका, शिक्षा महाशाखा प्रमुख सुवाष आचार्यका अनुसार कक्षा ८ मा सामुदायिक विद्यालयतर्फको उत्तीर्ण प्रतिशत ३९ दशमलव ०१ प्रतिशतमात्र छ । निजी विद्यालयहरुको प्रतिशत ७० दशमलव ३२ प्रतिशत छ । समग्रमा उत्तीर्ण प्रतिशत ५६ दशमलब ८१ प्रतिशत रहेको छ ।

अघिल्लो वर्षका तुलनामा समग्रमा छ प्रतिशत घटेको हो । सामुदायिक विद्यालयमा तीन प्रतिशतले घटेको छ । यसवर्ष सात हजार ५८९ विद्यार्थीले कक्षा ८ मा परीक्षा दिएका थिए । महानगरपालिकामा ७४ सामुदायिक विद्यालय र ८४ निजी विद्यालय छन् ।

उनका अनुसार भरतपुर-२९ को आधारभूत विद्यालय चौकी र भरतपुर-१७ को आधारभूत विद्यालय लगौटाको नतिजा शून्य भएको छ । महानगरभित्रका केही विद्यालयको नतिजा निकै राम्रो भएका कारण समग्रमा यो प्रतिशत देखिए पनि अधिकांश सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको अवस्था दयनीय देखिएको आचार्यले स्वीकार गरे । उनले भने 'सरकारी विद्यालयको नतिजा लाजमर्नु देखियो ।'

आठ वटा सामुदायिक विद्यालयको नतिजा १५ प्रतिशतमात्र




उत्तीर्ण छ । पन्ध्रदेखि २० प्रतिशत मात्र उत्तीर्ण हुने १५ वटा छन् भने २० देखि ३० प्रतिशत उत्तीर्ण हुने १७ वटा विद्यालय रहेका छन् । औसत प्रतिशत ३९ दशमलव ०१ प्रतिशत उत्तीर्ण हुने ५६ वटा मात्र रहेका छन् ।

पचास प्रतिशतभन्दा बढी उत्तीर्ण हुने विद्यालयको संख्या नौ छ । उनले भने, 'विद्यालयको गुणस्तर सुधार गर्न कक्षा कोठामानै हस्तक्षेप गर्नुपर्ने देखियो ।' दरबन्दी थपेर मात्र पनि गुणस्तर नसुध्रिएको उहाँको भनाइ छ । संघीय बजेटबाहेक भरतपुर महानगरपालिको वार्षिक रु १० करोड ५० लाख शिक्षामा खर्च गरेको छ ।

शिक्षकको क्षमता विकासका लागि महानगरले खर्च गर्न नसकेको आचार्य बताउँछन् । महानगरले युवा स्वयंसेवक शिक्षकका लागि वार्षिक रु दुई करोड ५० लाख, बालविकास सहजकर्ता, लेखापाल र कार्यालय सहयोगीका लागि थप रकमबापत रु दुई करोड ५० लाख खर्च गर्ने गरेको छ । त्यस्तै दिवा खाजाका लागि एक जना विद्यार्थीलाई रु पाँच थप गरिदिएको छ ।

समग्रमा गुणस्तर विकासका लागि महानगरपालिकाको

(बाँकी ५ पेजमा)

## रगतको माग बढ्दै, रक्तदाताको संख्या घट्दै

भरतपुर । चितवन जिल्लामा रगतको माग बढ्दै जाँदा




रक्तदाताहरुको संख्या बढ्न सकेको छैन । बर्सेनि रगतको माग क्रमशः बढ्दै गए पनि रक्तदान गर्नेहरुको संख्या बढ्न नसकेको हो ।

नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार जिल्लामा रगतको माग दैनिक माग बढ्दो छ । उनका अनुसार जिल्लामा दैनिक एकसय १५० युनिट सम्म रगतको माग हुने गर्दछ ।

यस आर्थिक वर्षको फागुनसम्ममा १६९ स्थानमा भएका रक्तदान कार्यक्रममा ११ हजार ५३२ युनिट र केन्द्रमा आएर दिएको संख्या तीन हजार १८१ छ । अघिल्लो आव २०८१/८२ मा २८७ स्थानमा भएका रक्तदानमा १८ हजार ५७७ युनिट र केन्द्रमा चार हजार ६४० युनिट रगत सङ्कलन भएको थियो ।

(बाँकी ५ पेजमा)

## भरतपुर प्रदर्शनी केन्द्रमा "चितवन अटो शो २०२६" हुने

भरतपुर । दोस्रो संस्करणको "चितवन अटो शो २०२६" आयोजना हुने भएको छ ।

अटोमोबाइल व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यसहित चितवन अटोमोबाइल डिलर्स एसोसिएसन र चितवन अटोमोबाइल एसोसिएसनको संयुक्त पहलबाट भरतपुर प्रदर्शनी केन्द्रमा सञ्चालन हुन लागेको हो ।

कार्यक्रममा भरतपुर महानगरपालिका, चितवन उद्योग संघ र चितवन उद्योग वाणिज्य संघले सहकार्य गरेका छन् ।

कार्यक्रम वैशाख १७ देखि २१ गतेसम्म सञ्चालन हुनेछ ।

भरतपुरमा आयोजित पत्रकार




सम्मेलनमा चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरेले चितवन तीव्र गतिमा विकासतर्फ अघि बढिरहेको उल्लेख गर्दै यस्ता प्रदर्शनीहरूले स्थानीय अर्थतन्त्रमा सकारात्मक

(बाँकी ३ पेजमा)


**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.**

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७

**हाम्रा सेवाहरू :**

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड

बिल/रसिद | विवाह कार्ड | नाईलन छाप

कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।


## स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरुको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रणको खाँचो

पछिल्लो समय बजारमा चुलिएको मूल्यवृद्धिले जनजीवनलाई गहिरो सङ्कटमा धकेलेको छ। विशेषगरी पेट्रोलियम पदार्थमा भएको अप्रत्याशित मूल्यवृद्धिले सिंगो अर्थतन्त्रलाई दबाबमा पारेको छ। पश्चिम एसियामा बढ्दो तनावका कारण इन्धन आपूर्ति अवरुद्ध हुँदा नेपालजस्तो आयातमा निर्भर मुलुकमा इन्धनको मूल्य आकासिनु स्वाभाविक हो। यसको प्रत्यक्ष असर यातायातदेखि भान्सासम्म पुगेको छ। सार्वजनिक यातायातको भाडा बढेको छ भने कार्यालयहरूमा इन्धन बचत गर्न दुई दिन बिदा दिनुपर्ने बाध्यात्मक अवस्थाले शिक्षा र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रलाई झनै पिरोलेको छ। अन्तर्राष्ट्रिय कारणले मूल्यवृद्धि बढ्नु अपरिहार्य भए पनि यही अवसर छोपेर कालोबजारी र कृत्रिम अभाव सिर्जना हुने जोखिम उत्तिकै छ। विगतमा सरकार परिवर्तन वा निर्वाचनजस्ता सङ्क्रमणकालीन समयमा बजारमा अराजकता देखिएको दृष्टान्त छ। त्यसैले अहिलेको संवेदनशील घडीमा बाध्यात्मक मूल्यवृद्धिको असर न्यूनीकरण गर्दै नियतवश गरिने कृत्रिम महँगी नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय सरकार सबै जिम्मेवार बन्नुपर्छ।

इन्धनको मूल्य बढ्दा खाद्यान्न, तरकारी, निर्माण सामग्रीलगायतको ढुवानी भाडा बढ्नु स्वाभाविक हो। तर, यसले बहुआयामिक महँगी निम्त्याएको छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्कले शैक्षिक शुल्कदेखि लत्ताकपडा, फलफूल, घ्यू-तेल, मदिरा तथा सुर्तीजन्य पदार्थसम्म सबै क्षेत्रमा मूल्य बढेको देखाएको छ। यस्तो अवस्थामा तत्कालका लागि बजार नियमनलाई प्राथमिकता दिनुपर्छ। संविधानले बजार व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ भने उपभोक्ताको अधिकार सुनिश्चित गर्ने दायित्व संघ र स्थानीय दुवै सरकारको हो। त्यसैले स्थानीय तहले सक्रियतापूर्वक बजार अनुगमन गरी अनुचित नाफाखोरी र कृत्रिम अभावलाई नियन्त्रण गर्नुपर्छ, जसले नागरिकलाई थोरै भए पनि राहत दिलाउन सक्छ। तर दीर्घकालीन समाधान अझै महत्त्वपूर्ण छ। इन्धनको अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीमा नेपालको नियन्त्रण छैन। राजस्व छूट वा अनुदानले केही समय मूल्य थेग्न सकिए पनि यो स्थायी उपाय होइन। त्यसैले अब ढुवानी र सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने ठोस नीति ल्याउनुपर्छ।

खाना पकाउने ग्यासको सट्टा विद्युतीय चुल्हो प्रयोगलाई राष्ट्रिय अभियान बनाउन सकिन्छ। यसले वैदेशिक मुद्रा बचत मात्र होइन, ढुवानी भाडा स्थिर राख्न पनि मद्दत गर्नेछ। कृषि क्षेत्रमा आत्मनिर्भर बन्ने प्रयास अब नारामा सीमित रहनु हुँदैन। भारतीय केरामा रोक लगाउँदा देखिएको अभावले शीतभण्डारणको कमजोरी प्रष्ट पारेको छ। पर्याप्त भण्डारण सुविधा भए उत्पादन नहुने समयमा पनि स्वदेशी वस्तुले बजार धान्न सक्छ। किसानलाई बिउ, मल र प्रविधिमा अनुदान दिएर उत्पादन लागत घटाउनुपर्छ। आपूर्ति शृङ्खलामा बिचौलिया नियन्त्रण गरी सहकारी वा सरकारी ढुवानीमार्फत उत्पादन सीधै बजारसम्म पुऱ्याउने व्यवस्था गर्नुपर्छ। महँगी नियन्त्रण आजको अत्यावश्यक आवश्यकता हो। सङ्कटलाई अवसरमा बदल्दै आत्मनिर्भर उत्पादन र वैकल्पिक ऊर्जा प्रयोगतर्फको यात्रा सुरू गर्न सकिन्छ। तर, तत्कालका लागि तीनै तहका सरकार गम्भीर भएर बजार नियमनमा जुटेमात्र नागरिकलाई राहत मिल्ने देखिन्छ।

# २०३२ सालको एसएलसी र स्मृतिमा बुढाथोकी हेडसर



## संस्मरण

**- हरिप्रसाद बगाले**

जीवन कहिलेकाहीँ प्रश्नपत्र होइन, परीक्षा नै बनेर उभिन्छ। त्यस्ता घडीमा अङ्क होइन, मानिस चाहिन्छ–जसले हात समातेर भन्छ, "नडराऊ, म छु।" मेरो जीवनमा त्यो वाक्य बनेर आउनुहुने व्यक्तित्व हुनुहुन्थ्यो–श्री बुद्धिबहादुर बुढाथोकी, सबैका प्रिय हेडसर।

२०३२ सालमा म लमजुङ कुन्छाको श्री शान्ति हाइस्कुलबाट १० कक्षाको परीक्षा उत्तीर्ण गरी १६ वर्षको उमेरमा शिक्षाको प्रथम खुटकिलो एसएलसी दिने तयारीमा थिएँ। परीक्षा केन्द्र थियो–लमजुङकै विकट र कष्टकर ठाँउ, गाउँसहर, सूर्यपालस्थित मेरो घरबाट डेढ दिनको पैदल यात्रा।

डेराको खोजी, पुष-माघको चिसो, परीक्षामा कठिनाइँ र बुढाथोकी सरको प्रेरणाः

गाउँसहर न देखेको, न चिनेको। डेरा खोज्नु नै एउटा ठूलो युद्धजस्तै लाग्थ्यो। बुबा मेरो उमेर देखेर चिन्तित हुनुहुन्थ्यो। "तँ सानो छस्, म नै जान्छु," भन्नुभयो। मेरो साथीसहित बुबा डेरा खोज्न गाउँसहर पुग्नुभयो। तर त्यो यात्रा सजिलो रहेन।

परीक्षा केन्द्र नजिकका डेराहरू पहिल्यै बूकिङ्ग भैसकेका रहेछन्। नेवार हटियाका घरहरू खाली थिए, तर मान्छे थिएनन्। अन्ततः ४५ मिनेटको दुरीमा बानिया क्षेत्रीहरूको गाउँ पुग्दा एक जना अवकाशप्राप्त सैनिकसँग बुवाको भेट भएछ। उनले मीठा वाचा गरे, "सात दिनमै न्यानो कोठा बनाइदिन्छु, ढोका राखिदिन्छु, खाना पनि मेरी श्रीमतीले पकाइदिन्छिन्।" बुबा विश्वासमा पर्नुभयो। पेस्की दिनुभयो। आशा बोकेर घर फर्किनुभयो।

मङ्सिरको अन्त्यतिर म र मेरो साथी, भरियासँगै दुई दिन हिँडेर त्यो डेरामा पुग्यौँ। तर, वाचा खोक्रो रहेछ। न कोठा, न ढोका। खुला पिँढीमै सुत्नुपर्‍यो। पुष-माघको कठ्यांग्रिने जाडो। विश्वासघातको ताप जाडोभन्दा बढी चिसो थियो। झगडा गर्‍यौं, आग्रह गर्‍यौं–घरबेटी टारिरह्यो। अन्ततः सैनिक टाँटले बनाएको कोठा, झ्याल ढोकाविहीन अवस्थामा, किताब र लत्ता कपडा खुलै राखेर बस्न बाध्य भयौं। त्यही कठिन घडीमा संयोग नियतिले मलाई मेरो जीवनको मार्गदर्शकसँग जुराइदियो। छिमेकी शिक्षक नवीन बानियाको घरमा गाउँसहर स्कुलका प्रधानाध्यापक तथा केन्द्राध्यक्ष बुढाथोकी हेडसर आउने खबर सुनेँ। उहाँको नास्ताका लागि तयार गरिएको कुखुरा उडेर भाग्यो। कसैले पनि समात्न सकेनन्। मैले समात्ने प्रयास गरेँ तर ओरालो र कान्ला परेको ठाउँ भएकाले कुखुरा उडिरह्यो। अन्ततः दाउराको झटारो हान्दा खुट्टा भाँचिएर ढल्यो। त्यसपछि समातेर हेडसरलाई दिएँ।

उहाँले सोध्नुभयो, "ए भाइ, कहाँबाट आएको रु डेरा बस्न लायक छ रु" मेरो मुखबाट पीडाको कथा बग्यो। उहाँले बानिया सरलाई सोध्नुभयो–"तपाईंको दाजुभाइले किन यस्तो गरे ?" र मलाई भन्नुभयो, "नेवार हटियामा धेरै घर खाली छन्, स्कुल नजिकै पर्छ" त्यो सुझाव केवल सल्लाह थिएन–त्यो आशाको ढोका थियो।

हामी डेरा सर्‍यौं, जीवनले अलिकति सास फेर्‍यौ। तर नियतिले अझ ठूलो परीक्षा बाँकी राखेको थियो। पुसको कठ्यांग्रिने जाडोमा म गम्भीर बिरामी परेँ–खोकी, ज्वरो, कफमा रगत, चरम कमजोरी। न मेडिकल, न डाक्टर। बेसीसहर पुग्न दुई-तीन घण्टा उकालो-ओरालो हिँड्नुपर्थ्यो–तर म हिँड्न सक्ने अवस्थामा थिइन। परीक्षा सुरु हुन एक हप्ता मात्र बाँकी। घर टाढा, न यातायात न संचार, खबर गर्न असम्भव। मनले हार मानेको थियो। अन्तिम उपायको रूपमा मैले हेडसरलाई सम्झिएँ। खबर पाउनासाथ उहाँ मेरो डेरामा आइपुग्नुभयो। मेरो हालत हेरेर भन्नुभयो– "तिमीलाई निमोनियाले समातेछ।" मेरा आँखा बाट आँसु झरे "सर, परीक्षा त परै जाओस्, म बाँचुला कि नबाँचुला भन्ने डर छ" उहाँले मेरो काँधमा हात राख्दै भन्नुभयो, "नआत्तिनु बाबु।" भोलिपल्टै बेसीसहर गई चिनजानका डाक्टरसँग परामर्श गरी,औषधी पठाइदिनुभयो। खाने तरिका पनि लेखेर, पर्सी भेट्ने वाचा गर्नुभयो र वाचा निभाउनुभयो। परीक्षा सुरु हुने अघिल्लो दिनसम्म उहाँ आइरहनुभयो।

"पहिलो अंग्रेजीमा १० नम्बर कटाए पुग्छ," "दोस्रो अंग्रेजीमा ५० ल्यायौ भने पास हुन्छौ," "अरू त नेपालीमै लेख्न पाइन्छ" परिक्षा नछाड्नु, उहाँका शब्द औषधीभन्दा शक्तिशाली थिए। कमजोर शरीर, काँप्ने हात, चक्कर लाग्ने टाउको–यी सबैका बीच मैले परीक्षा दिएँ। बीच-बीचमा टाउको मेचमा राखेर सास फेर्दै लेखेँ। पहिलो दिन ६५ प्रतिशत प्रश्नका उत्तर मात्र लेख्न सकेँ। "औषधीले ज्वरो खोकी कम भएछ", हेडसरले फेरि ढाढस दिनुभयो। दोस्रो अङ्ग्रेजी राम्रोसँग दिएँ। बाँकी परीक्षा सकेँ। घर फर्कँदा तीन दिन लाग्यो। तर मन हलुका थियो–किनकि म एक्लो थिइनँ। घरको न्यानोपन, ताजा पोषिला खाना र हेडसरको आशीर्वादले स्वास्थ्य चाँडै सुध्रियो। केही महिनापछि कुन्छामा भएको वीरेन्द्रशील्ड खेलकुद प्रतियोगितामा उहाँलाई भेट्दा उहाँले भन्नुभयो, "स्वास्थ्य सुधार भएछ, अब थप उपचार गर्न जानु पर्दैन"।

२०३३ साल असारको खेत रोपाइँको हिलोमा काम गर्दैगर्दै एसएलसी पास भएको खबर आयो। गाउँका प्रधानपञ्चले खेतकै हिलो माटोले लगाइदिनुभएको टीका मेरो जीवनकै पवित्र टीका थियो। त्यो क्षण मेरो मन हेडसर बुढाथोकी प्रति नतमस्तक भयो। पुनस् परिक्षा दिन कष्टकर स्थान गाउँसहर जानु परेन। हर्षले गदगद भए। त्यसपछि जीवन अघि बढ्यो–तनहुँमा शिक्षक सेवा, उच्च शिक्षा, कानुन अध्ययन, लोकसेवाको कानुन अधिकृत परिक्षा उत्तिर्ण, सरकारी वकिल, जिल्ला न्यायाधीश हुँदै उच्च अदालतको न्यायाधीशसम्म। २०७९ सालमा उमेरहदले सेवा निवृत्त भएँ। तर जहाँ पुगे पनि, जुन पदमा बसे पनि, २०३२ सालको त्यो कठिन मोड र बुढाथोकी हेडसरको करुणामय अनुहार, जीवनमा हरेस नखान दिनुभएको साहस मेरो हृदयमा सदैव उज्यालो बनेर बसिरह्यो। लामो सरकारी सेवा र नेपालबाट एम.ए., बी.एल. तथा बेलायतबाट कानुनमा एल.एल.एम. शिक्षा हासिल गरे तापनि, एसएलसीका दिनमा गाउँशहरमा भोगेको कष्ट र त्यसबेला बुढाथोकी हेडसरबाट पाएको हौसला, उपचार र उदारताले उहाँलाई २०३२ सालपछि फेरि भेट्ने इच्छा सधैं मनमा रहिरह्यो।

उहाँ कहाँ हुनुहुन्छ, के गर्दै हुनुहुन्छ र हाल स्वास्थ अवस्था कस्तो होला भन्ने जिज्ञासा मनमा रहेकै थियो। २०४० सालतिर सुनेँ, उहाँले शिक्षण पेशा छाडी कञ्चनपुरको पुनर्वास कम्पनीको महाप्रवन्धक पदमा कार्यरत हुनुहुन्थ्यो। तैपनि भेट्ने अवसर मिलेन।

२०७२ सालमा, महेन्द्रनगर उच्च अदालतमा कार्यरत थिएँ। कञ्चनपुरको पुनर्वास हेर्न गएँ,उहाँको कार्य अवधी पुरा भई फर्कनु भएछ। गाउँघर र छिमेकबाट बसाइसरी आएका चिनजानका मानिस भेटेर एक रात बसियो। त्यहीँका बासिन्दाले भन्नुभयो, "बुढाथोकी सर अत्यन्त असल, सरल र सकारात्मक सोच भएका व्यक्ति हुनुहुन्थ्यो।"

हाम्रो समाजमा अब आदर, सद्भाव र सामूहिक भलाइको संस्कृति क्रमश कम हुँदै ब्यक्तिवादी प्रबृती बढ्दो छ। व्यक्तिगत स्वार्थ र शहरीकरणको प्रभावले एकले अर्कोलाई सहयोग, आदर तथा सम्मान दिने भावना कमजोर भएको महसुस हुदैछ। यस्तो परिवेशमा, कुनै चिनजान नभएको १६ वर्षको म जस्तो सामान्य परीक्षार्थीलाई २०३२ साल पौषमा केन्द्राध्यक्ष बुढाथोकी सरले गरेको उपचार, सहयोग र हौसला अझै मानसपटलमा घुमिरहन्छ।

**लमजुङको सदरमुकाम र एसएलसी केन्द्र परिवर्तनको ऐतिहासिक झलक**:

लमजुङको सदरमुकाम कुन्छाबाट बेसिसहर लगिएको र एसएलसी परीक्षा केन्द्र कुन्छाबाट गाउँशहर सारिएको ऐतिहासिक पृष्ठभूमि रोचक छ। २०३२ सालमा परीक्षा दिँदा मेरो अपरिपक्व बालमनले यो यथार्थ न त बुझ्न सक्यो, न त चासो नै राख्न सक्यो। तर पछि उच्च शिक्षा हासिल गरी परिपक्व भएपछि यस विषयमा जिज्ञासा जाग्यो र बुझ्ने अवसर पाएँ।

२०३१ सालमा जिल्ला प्रशासन योजना लागू हुनुअघि कतिपय दुई - तीन जिल्लाका सदरमुकाम एउटै स्थानमा रहने व्यवस्था थियो। त्यसैअनुसार मनाङ र लमजुङ दुवै जिल्लाको सदरमुकाम कुन्छामा राखिएको रहेछ। २०२७ सालमा राजा महेन्द्र मनाङ भ्रमणमा गएको अवसरमा मनाङवासीहरूले "कुन्छा सदरमुकाम धेरै टाढा भयो, यसलाई बेसिसहर सारियोस्" भनी बिन्तीपत्र पेस गरेछन्। राजाको हुकुमी आदेशअनुसार सदरमुकाम कुन्छाबाट बेसिसहर सारियो। तर साबिकदेखि कुन्छाको शान्ति हाईस्कुलमा सञ्चालन हुँदै आएको एसएलसी परीक्षा केन्द्र भने कायमै राखियो।

२०३० सालको एसएलसी परीक्षामा विज्ञान विषयको प्रश्नपत्र कठिन आएको रहेछ। परीक्षा उत्तीर्ण गर्न नसकिने आँकलन गर्दै विद्यार्थीहरूले उत्तरपुस्तिका जलाउने योजना बनाएछन्। त्यसबखत कुन्छामा एक मात्र सरकारी कार्यालय, छोटी हुलाक थियो। एक मात्र सुरक्षाकर्मी प्रहरी हवल्दारले बिना हतियार लौरोको भरमा सुरक्षा दिएको उक्त हुलाक कार्यालयमा परिक्षाको उत्तरपुस्तिका राख्ने गरिएको रहेछ। विद्यार्थीहरूले उक्त हुलाक कार्यालयमा आक्रमण गरी प्रहरी हवल्दारलाई डोरीले बाधेर लडाई उत्तरपुस्तिका बाहिर लगेर जलाएछन्।

उक्त घटनाको सक्रिय नेतृत्व गर्ने केही विद्यार्थीमाथि मुद्दा चलाइ कानुन बमोजिम दण्डित गरिएछ। यही घटनाको परिणामस्वरूप कुन्छाको परीक्षा केन्द्र बन्द गरी विकट र चिसो स्थान गाउँसहरमा सारियो। यसरी अघिल्लो ब्याचका विद्यार्थीहरूको बदमासीको प्रतिफल पछिल्ला ब्याचका विद्यार्थीहरूले भोग्नुपर्‍यो। नियतिको यही कारण हामीलाई परीक्षा दिन कष्टकर ठाउँ गाउँसहर जान बाध्यता परेको रहेछ। जीवन र मरणको दोसादमा परिक्षा दिए। परिक्षाको घडीमा जे जस्ता कठिनाइ भोगे पनि शिक्षाको फलामे ढोका गाउँसहरवाट पार गरे।

**पाँच दशकपछि बुढाथोकी सरसागको ऐतिहासिक भेट**:

गत भाद्र २३ को जेन्जी आन्दोलन र २४ गतेको उक्त आन्दोलनमा अन्य विद्रोही समूहहरूको घुसपैठका कारण देशभर आगजानी र तोडफोड भयो। व्यवस्थापिका भवन, सिंहदरबार र सर्वोच्च अदालत भवन क्षतिग्रस्त भए। जनताको महत्त्वपूर्ण कागजात जलेर नष्ट भयो। करिब ४१ वर्ष कानून सेवा गरेको म राष्ट्रसेवक मर्माहित भए। सर्वोच्च अदालतको क्षतिग्रस्त भवनको अवस्था हेर्न उत्सुकता जाग्यो र केही समयपश्चात सर्वोच्च अदालतमा गए। अदालतका कागजपत्र भौतिक सामान जलेर खरानी भएको र भवन पुरै कालो भएको देख्दा भावविहोल भए।

देशकाल परिस्थितिले गर्दा यस्तो अवस्था पनि आउँदो रहेछ भन्ने सोचे। यसै क्रममा सहपाठी प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूलाई पनि भेटे। देशको दुस्खद घडी, न्यायलयको क्षती र अग्रगामि पहल बारे छलफल गरियो।

उहाँले सोध्नुभयो, "तपाईंको जिल्ला लमजुङमा धेरै बर्ष शिक्षक पेशा गरेका मेरा नातेदार धुर्व भन्ने बुढाथोकी दाइलाई चिन्नु हुन्छरु मैले जवाफ दिए "ध्रुव दाइ चिन्दिन, तर बुद्धि बुढाथोकी सरलाई चिन्छु। उहाँ गाउँशहर हाइस्कुलका हेडसर हुनुहुन्थ्यो।" उहाँ नै हो भन्ने एकिन गरि उहाँले फोन नम्बर दिनु भयो। उदार ब्यक्तिले पीडितलाई गरेको सहयोग र योगदान बिर्सन सक्दछ। तर भोक्ताले सहयोगीलाई कदापी भुल्न हुदैन भन्ने मान्यतालाई आत्मसाथ गरि उहाँलाई फोन गरेर भेट्ने अवसर मिलाएँ। ८५ वर्ष उमेर भएपनि उहाँको स्मरणशक्ति र बोलिचाली अझै सशक्त थियो। पहिले देखिकै एउटा कमजोर गोडा अझ कमजोर भएको रहेछ। तथापि पठन-पाठन र स्मरणशक्तिमा कमी आएको पाइन।

२०३२ सालको परिक्षा दिदाको स्मृति साझा गर्दा उहाँले अलिकति याद गर्नुभयो। लमजुङको गाउँसहरदेखि विभिन्न महत्वपूर्ण स्थान र व्यक्तिहरूको चर्चा भयो। उहाँले २० वर्ष शिक्षक भई सेवा गर्नु भएको, त्यसपछि २०३४ सालमा नेपाल सरकारको पुनर्वास कम्पनी कञ्चनपुरको महाप्रवन्धक पदमा १५ वर्ष काम गर्नु भएको रहेछ। २०७२ सालको भूकम्पपीडित ब्यबस्थापनको जिम्मेवारी पूरा गर्न धरानमा खटिनु भएछ र रौतहट प्रहरी स्कुलमा समेत अध्यापन गर्नु भएछ। अहिले उहाँ घरमा आराम गर्दै हुनुहुन्छ। उहाँसँगको त्यो अमूल्य भेटघाट र बर्तालाभ तीन घण्टा लामो रह्यो। बिदा हुने क्रममा "हजुरको मानवीय व्यवहार, उदार र सहयोगी भावनाप्रति ज्यादै आभारी छु, २०३२ सालपछि पुनः भेट्ने इच्छा आज पूरा भएकोमा धेरै खुसी भए।" भन्दै उहाँसँग बिदा मागे। उहाँले पनि एक दिन कोचिङ कक्षामा अङ्ग्रेजी पढाएको र परीक्षा दिने समयमा बिरामी हुँदा औषधि उपलब्ध गराइदिएको ५० बर्ष अधिका कुराहरू सम्झेर यति ठूलो सद्भाव राखी मलाई भेट्न आउनुभएकोमा आभारी छु भन्दै धन्यवाद व्यक्त गर्नुभयो। उहाँसँग सेल्फी खिचेर भेटको स्मरण सुरक्षित गरियो। यो स्मृति मेरो जीवनको ऐतिहासिक घटना हो।

*(लेखकः उच्च अदालतका पूर्वन्यायाधीश हुनुहुन्छ।)*

# कलेज सञ्चालन गर्न महायज्ञ सुरु

रत्ननगर। पूर्वी चितवनको रत्ननगरमा कृषि, विज्ञान तथा प्राविधिक कलेज सञ्चालनका लागि महायज्ञ आयोजना गरिएको छ। श्री ब्रदर्स मिडियाले सौराहा सिटी कलेज निर्माणका लागि रत्ननगर वडा नं-१५, विन्देश्वरी टोल माधवपुरमा श्रीमद्भागवतज्ञानमहायज्ञ आयोजना गरेको हो।




आयोजकले पत्रकार सम्मेलनको आयोजना गरी आज सोमबारदेखि महायज्ञ सुरू हुने जनाएको छ। महायज्ञ सुरू हुनुपूर्व माधवपुरमा भव्य कलशयात्रा निकाल्ने तयारी गरिएको छ। महायज्ञको प्रदेशसभा सांसद् कृष्णप्रसाद शर्मा खनालले उद्घाटन गर्नेछन् भने चर्चित कथा वाचक पण्डित चैतन्य कृष्णले महायज्ञमा कथा वाचन गर्नेछन्।

श्री ब्रदर्स मिडियाका सञ्चालक फणीन्द्र लामिछानेले आफूले प्रकाशन गरेको किताब बेचेको पैसाले कृषि, विज्ञान तथा प्राविधिक कलेज स्थापनाका लागि आर्थिक जुटाउन महायज्ञ आयोजना गरेको बताए। 'गाउँ आएको मोटरबाटो' नामक उपन्यासका लेखक लामिछानेले किसाब बेचेर आर्जेको पैसाले महायज्ञ लगाउने आँट गरेका हुन्।

देशभर रहेका ७५३ वटा स्थानीय तह पुगेर त्यहाँका स्थानीयवासीले भोगेको समस्यालाई उजागर गरी लेखिएको उपन्यास अहिले चर्चामा छ। 'धेरै दुःख गरेर प्रकाशन गरेको उपन्यास बेचेर आफ्नै ठाउँमा कलेज स्थापना गर्ने योजना बनाएको छु', उनले भने, 'महायज्ञबाट सङ्कलित रकमबाट सम्भव नभए पनि आधारशिला निर्माण हुन्छ।'

तीन करोडको लगानीमा कलेज स्थापना गर्ने योजना रहेको भन्दै उनले कलेज स्थापनाका लागि तीनै तहको सरकार र विदेशमा रहेका नेपालीहरुबाट सहयोगको आह्वान गर्ने बताए। ग्रामीण क्षेत्रमा कृषि, विज्ञान तथा प्राविधिक कलेज नहुँदा ठूलो रकम खर्चेर गाउँका युवाहरु कलेज पढ्न सहर जानुपर्ने बाध्यकारी अवस्थाको अन्त्यका लागि गाउँमै कलेज स्थापना गर्न खोजेको उनको भनाइ छ।

'एक्लै महायज्ञ गर्ने आँट गरेको छु', कलेज निर्माण अभियन्तासमेत रहेका लामिछानेले भने, 'राम्रो कामका लागि पुण्य कार्य सुरू गरेको छु, सबैको साथ र सहयोग पाउने आशा छ।' फलफूल र तरकारीलाई प्राथमिकता दिएर बिएस्सी एजीसम्मको पढाइ हुने कलेज स्थापना गर्ने उनले बताए।

# इन्धनको मूल्यवृद्धिले सयौँ काम प्रभावित

भरतपुर । पूर्वाधार विकास कार्यालय चितवनद्वारा सञ्चालित १२५ वटा ठेक्काका काम रोकिने अवस्थामा पुगेका छन्। इन्धनसहित आवश्यक वस्तुमा बढ्दो महँगीका कारण ती ठेक्कमा काम हुन नसक्ने अवस्थामा पुगेको हो।

कार्यालयका प्रमुख वीरेन्द्रकुमार चौधरीका अनुसार यस कार्यालयमा २६७ वटा आयोजना रहेकामा अहिले ठेक्का सम्झौता भई २१७ वटा सञ्चालन भइरहेका छन्। तीमध्ये १२५ वटा आयोजनाको काम रोकिने अवस्थामा आएका उनले बताए। यसरी ठेक्का सम्झौता गर्ने समयमा भन्दा अहिले इन्धनको मूल्यमा भएको वृद्धि र अलकत्रा (विटुमिन) को समस्याका कारण पूर्वाधार विकासका काम रोकिने अवस्थामा पुगेका उनको भनाइ छ।

प्रमुख चौधरीले भने, ' निर्माण व्यवसायीहरूले 'निर्माण होलिडे' (तत्कालका लागि रोक्न मिल्ने प्रकृतिका आयोजनालाई रोक्ने प्रक्रिया) को माग गर्दै कार्यालयमा पत्र बुझाएका छन्।' इन्धनको मूल्य बढेपछि सबै क्षेत्रमा मूल्य वृद्धि हुँदा पूर्वाधार निर्माण प्रभावित बन्दै आएका उनको भनाइ छ।

यस कार्यालयबाट ५० वटा आयोजना उपभोक्ता समितिबाट गर्नुपर्ने भए पनि ती आयोजनाको काम पनि हुन सकेको छैन। कार्यालयले अहिले १९ वटा पुल निर्माण गरिरहेको छ भने अन्य आयोजनाअन्तर्गत सडक निर्माण भइरहेका उनले बताए।

कार्यालय प्रमुख चौधरीले भने, 'यस्तै अवस्था रहे यस कार्यालयबाट सुरू गरिएका आयोजनामध्ये ५० देखि ६० प्रतिशत काम सम्पन्न हुने अवस्था छैन।' रु ६७ करोड बजेटबाट विकास निर्माण गर्दै आएको कार्यालयले सरकारको निर्णयअनुसार अघि बढ्ने निर्माण व्यावसायीलाई बताएको छ।

निर्माण व्यवसायी संघ चितवनका महासचिव पुष्कर अधिकारीले अहिलेको अवस्थामा निर्माण व्यवसायीले काम गर्न सक्ने अवस्था नभएको बताए। उनले यही अवस्थामा महँगी बढ्दै जाँदा काम गर्न नसकिने भएकाले निर्माण होलिडेका रूपमा सरकारले अघि बढाउन आवश्यक रहेको धारणा राखे। महँगीमा भएको वृद्धिका कारण बजेटमा समायोजन वा होलिडेका रूपमा राज्यले निर्माण व्यवसायीलाई सम्बोधन गर्नुपर्नेमा उनले जोड दिए।

# असिना पानीले ७४ सवारीसाधनमा क्षति

चितवन। चितवनमा आइतबार साँझ आएको असिनासहितका पानीबाट ७४ सवारीसाधनमा क्षति पुगेको छ।

जिल्ला प्रहरी कार्यालका अनुसार इच्छाकामना गाउँपालिका-३, ४ र ५ कुरिनिनटार, मुग्लिनसहित पृथ्वी राजमार्गबाट विभिन्न गन्तव्यमा जाँदै गरेका र पार्किङ गरी राखिएका ती सवारीसाधनमा क्षति पुगेको हो।

कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार क्षति पुगेका सवारीसाधनहरु कार ५७, माइक्रो बस १५, मोटरसाइकल र ट्रक एक-एक छन्। उनका अनुसार ती सवारीसाधनको सिसामा क्षति पुगेको छ।

# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

# स्वास्थ्य/खेलकुद



## विरेनुन खानुका यस्ता छन् ५ फाइदाहरु

विरेनुनलाई गाउँघरतिर घरेलु औषधिको रुपमा पनि प्रयोग गर्ने चलन छ। पेट दुख्दा होस् अथवा ग्याष्ट्रिक हुँदा यसको प्रयोग गर्ने गरिएको छ। अपचका कारण केटाकेटीलाई झाडापखाला लागेमा पनि बिरेनुन सहितको पानी बनाएर औषधीका रुपमा प्रयोग गर्ने



चलन पनि रहेको छ। यसमा आइरन, सल्फ्युरसजस्ता कयौं खनिज पदार्थ पाइन्छ। यसमा सेतो नुनको तुलनामा सोडियमको मात्रा पनि कम हुन्छ। त्यसैले यसले शरीरमा सोडियमको स्तर बढाउँदैंन। यस्ता छन् विरेनुनका फाइदा :

१.जोर्नी दुख्दा

मांसपेशी र जोर्नी दुख्दा बीरेनुनले सेक्ने हो भने निको हुन्छ। यसका लागि एउटा कपडामा थोरै नुन बाँध्नुपर्छ। यसलाई तातो बनाएर दुखेको ठाउँमा दिनको दुईपटक सेक्ने हो भने तत्काल राहत मिल्छ।

२.अपच हुँदा

पेटका हरेक समस्यामा बीरेनुन अर्थात् कालो नुन लाभदायी हुन्छ। यसले मुखको ग्रन्थी सक्रिय बनाइदिन्छ। पेटमा हाइड्रोक्लोरिक एसिड र प्रोटीनलाई पचाउने इन्जाइम बढाउन मद्धत गर्छ। अपच, कब्जियत, एसिडीटीमा एक गिलास पानीमा कागतीको रससँगै यो नुन हालेर पिउनाले राहत मिल्छ।

३. तौल घटाउन उपयोगी

कालो नुनले तौल घटाउन पनि मद्धत गर्छ। शरीरमा पाचन प्रक्रिया ठीक हुन्छ भने खानामा भएको पोषक तत्व शरीरले राम्ररी लिन पाउँछ। स्वादिलो हुने भएकाले यो नुन निरन्तर प्रयोग गर्न सकिन्छ। त्यसका लागि एक गिलास पानीमा एउटा कागती निचोरेर हाल्ने र स्वाद अनुसारको नुन मिसाउन सकिन्छ। यसले शरीरमा बोसो जम्मा हुन दिँदैंन। गर्मीका बेला तिर्खा लाग्दा दिनको तीन चारपटक कालो नुन खान सकिन्छ।

४. मधुमेहमा लाभकारी

कालो नुनमा सोडियम कम हुन्छ। यसले ब्लड सुगरलाई नियन्त्रित गर्छ। यसैले मधुमेहका बिरामीका लागि कालो नुन उपयोगी हुन्छ। मधुमेह सुरुवाती अवस्थामा छ भने त कालो नुनको प्रयोगले ठीक पनि हुन सक्छ। सोडियम कम हुने भएकाले मुटु र मिर्गौला रोग लाग्ने सम्भावना पनि कम हुन्छ।

५. भोक बढाउँछ

कालो नुनको प्रयोगले भोक बढाउँछ। खाना सजिलै पच्छ। यसैले शरीरले उर्जालाई राम्रोसँग प्रयोग गर्न पाउँछ। यदि कम भोक लाग्ने समस्या छ भने कालो नुनमा सलाद, दही, मोही, कागतीपानी संगै प्रयोग गर्न सकिन्छ। यसबाट शरीर पनि स्वस्थ राख्न सकिन्छ र सोडियमको मात्रा पनि बढ्दैन।

# लक्ष्यअनुरुप राजस्व संकलन वृद्धि भए पनि लक्ष्यअनुसारको सफलता प्राप्त गर्न असफल

भरतपुर। भरतपुरस्थित आन्तरिक राजस्व कार्यालय चालु आर्थिक वर्षमा राजस्व संकलन बढाउन सफल भए पनि लक्ष्यअनुसारको प्रगति हासिल गर्न भने सकेको छैन।

कार्यालयका अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा कुल १८ अर्ब ५ करोड ५० लाख रुपैयाँ राजस्व संकलन गरिएको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एक अर्ब ४७ करोड १८ लाख रुपैयाँले बढी हो। गत आर्थिक वर्षको यही अवधिमा १६ अर्ब ५८ करोड ३२ लाख रुपैयाँ राजस्व संकलन भएको थियो।

चालु आर्थिक वर्षका लागि तोकिएको लक्ष्यअनुसार भने राजस्व संकलन अपेक्षाअनुसार हुन सकेको छैन। चैतसम्म २० अर्ब ६१ करोड २४ लाख रुपैयाँको लक्ष्य राखिएकोमा ८७.५९ प्रतिशत मात्र प्रगति भएको कार्यालय प्रमुख पुण्यविक्रम खड्काले जानकारी दिए। अघिल्लो वर्ष भने यही अवधिमा ९०.३८ प्रतिशत प्रगति भएको थियो।

कार्यालयका अनुसार अन्तःशुल्कतर्फ अपेक्षाकृत कम राजस्व उठ्नु यसको प्रमुख कारण हो। भरतपुर महानगरपालिका-२९ जुगेडीमा रहेको 'रोलिङरिभर' नामक मदिरा उद्योग बन्द भएपछि वार्षिक करिब एक अर्ब रुपैयाँ राजस्व घटेको बताइएको छ। चालु आवमा अन्तशुल्कतर्फ ८९.३५ प्रतिशत मात्र असुली भएको छ भने गत वर्ष यो दर ९३.२९ प्रतिशत थियो।

चालु आर्थिक वर्षमा अन्तःशुल्कबाट मात्रै १३ अर्ब ४९ करोड ६३ लाख रुपैयाँ संकलन भएको छ, जुन गत वर्षको १२ अर्ब ९४ करोड ४१ लाख रुपैयाँभन्दा बढी हो। कार्यालयले बाँकी अवधिमा लक्ष्य पूरा गर्ने गरी सक्रियरूपमा काम गरिरहेको जनाएको छ।

कार्यालयले ५ अर्ब रुपैयाँभन्दा बढी बाँकी बक्यौता असुलीका लागि कडाइ गरेको छ भने २ अर्ब १५ करोड ८६ लाख रुपैयाँ बेरुजु फछ्र्यौटका लागि पनि अभियान तीव्र पारेको छ। कर प्रशासनलाई थप प्रभावकारी बनाउन ६० करदातामाथि अनुसन्धान भइरहेको छ भने ४० फर्मको अग्रिम कर कट्टी परीक्षण भइरहेको छ।

नियमित बजार अनुगमन, अवैध मदिरा नियन्त्रण, करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिइएको छ। उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्सलगायत संस्थासँग सहकार्य गरेर सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन्। हाल कार्यालयमा ७४ हजार ३७९ व्यावसायिक र १ लाख ८६ हजार ५७३ व्यक्तिगत करदाता आबद्ध रहेका छन्।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
- Advertisement
- Bill / Rasid print
- Visiting card
- Color Print
- Wedding Card
- Magzine Design
- Computer Type
- Pri-ink Nylon Stamp
- Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

# क्षयरोगको एआई प्रविधिद्वारा निःशुल्क स्क्रिनिङ

रत्ननगर। रत्ननगर-१३, जयमङ्गलास्थित पञ्चकन्या स्वास्थ्यचौकीमा एआई प्रविधिबाट निःशुल्क छातीको एक्स-रे परीक्षण शिविर गरिएको छ। रत्ननगर नगरपालिका स्वास्थ्य शाखाको आयोजना एवम् राष्ट्रिय क्षयरोग केन्द्र (एनटिसी) भक्तपुरकोप्राविधिकसहयोगमाशिविर गरिएको हो।




रत्ननगर नगरपालिका स्वास्थ्य शाखाका प्रमुख माधवप्रसाद पौडेलका अनुसार कुल २७० जनाको छातीको एक्स-रे परीक्षण गरिएकोमा २३ जनामा पिसिडी केस (छातीको क्षयरोग) शङ्कास्पद देखिएको छ। शङ्कास्पद देखिएका ११ जनाको खकार सङ्कलन गरी थप जाँचका लागि बकुलहर रत्ननगर अस्पतालमा 'जिन एक्सपर्ट' परीक्षणका लागि पठाइएको उनले जानकारी दिए।

रत्ननगर-१३ का वडाध्यक्ष पोटबहादुर घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुखअतिथि प्रमुख प्रशासकीय अधिकृत प्रकाश खनालले कार्यक्रमको उद्घाटन गरेका हुन्। खनालले सकभर रोग लाग्न नदिनेतर्फ हरेक व्यक्ति सचेत हुनुपर्ने र रोग लागेमा पनि उपचार गरे पूर्णरुपमा निको हुने भएकाले क्षयरोगका शङ्कास्पद व्यक्तिले परीक्षण गर्नुपर्नेमा जोड दिए।

उनले क्षयरोगको मृत्युदर उच्च रहेकाले आफूलाई शङ्का लाग्नासाथ क्षयरोगको परीक्षण गराउन अनुरोध गर्दै आगामी दिनमा अन्य वडाहरुमा पनि स्क्रिनिङ कार्यक्रमलाई निरन्तरता दिने बताए। वडाध्यक्ष घिमिरेले क्षयरोग लागेका बिरामीहरुका लागि वडा कार्यालयको तर्फबाट पौष्टिक आहार उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे।

स्वास्थ्य शाखा प्रमुख माधवप्रसाद पौडेलले क्षयरोग लाग्दैमा डराउनु नपर्ने र छ महिना नियमित औषधि सेवन गरेमा पूर्णरुपमा निको हुने बताए।

रत्ननगर नगरपालिकाले सम्भावित जोखिमका क्षेत्रहरु पहिचान गरी रत्ननगर-९, रत्ननगर-११ र रत्ननगर-१४ मा यसअघि नै एआई प्रविधिबाट निःशुल्क छातीको एक्स-रे गरी क्षयरोगकोस्क्रिनिङशिविरसञ्चालन गरेको छ।

जनस्वास्थ्य अधिकृत पौडलले क्षयरोग सरूवा रोग भएकाले हरेक व्यक्ति आफू सुरक्षित हुनुपर्ने बताए। रत्ननगरमा गत वर्ष १३४ केस पत्ता लागेकोमा यस आर्थिक वर्षमा १०० जनामा टिबी पत्ता लागेको उनले बताए।

निःशुल्क स्क्रिनिङ कार्यक्रममा राष्ट्रिय क्षयरोग केन्द्रका वरिष्ठ ल्याब टेक्नोलोजिस्ट पदमनाथ घिमिरे, जनस्वास्थ्य अधिकृत शिवशङ्कर महतो, रेडियोग्राफर निरीक्षक मुकेशकुमार निकलम, नर्सिङ अधिकृत थुमा पुन, बकुलहर रत्ननगर अस्पतालकी मेडिकल अधिकृत डा. अनुपमा घिमिरे, सिअहेव अधिकृत पब्लिक हेल्थ फोकल पर्सन नारायण ढुङ्गानालगायतको प्राविधिक टोली खटिएका थिए।

रत्ननगर-१२ र १३ का विपन्न बस्ती, सुकुमबासी बस्ती र घना बस्तीलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको हो।

# विद्यालयहरु यथाशीघ्र खुलाउन अभिभावकको माग

भरतपुर। भरतपुरका संस्थागत विद्यालय अभिभावक संघ र सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ भरतपुर समितिले यथाशिघ्र विद्यालय सञ्चालन गर्न माग गरेका छन्।

संस्थागत विद्यालय अभिभावक संघका अध्यक्ष भोजराज न्यौपाने र सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ भरतपुरका अध्यक्ष सुदीप सुवेदीले संयुक्त अपिल जारी गर्दै यथाशीघ्र विद्यालय संचालन गर्न माग गरेका हुन्।

केहीदिनअघि भरतपुर महानगरपालिकाले संघीय सरकारको निर्णयविपरीत तत्काल विद्यालय सञ्चालन नगर्न निर्देशन दिएको थियो। तर, आम अभिभावक तथा विद्यार्थीहरुको चाहना र व्यावहारिकतासमेतलाई मध्यनजर गर्दै यथाशीघ्र शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नका लागि भरतपुर महानगर र भरतपुर महानगरभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु समक्ष अपिल गरेको छ।

लामो समय विद्यार्थीहरु घरमै रहँदा शिक्षण सिकाईमा प्रभाव पर्ने भएकाले तत्काल विद्यालय सञ्चालन गर्नुपर्ने संस्थागत विद्यालय अभिभावक संघ भरतपुर महानगर समितिका सचिव नवीन चापागाईंले बताए। 'अहिले अनावश्यक रुपमा विद्यालय लामो समय बन्द गरिएको छ, यसले झनै विद्यार्थीमा नकरात्मक असर पर्छ, अभिभावकहरुको गुनासोका आधारमातत्कालविद्यालयसञ्चालन गरियोस्', सचिव चापागाईंले भने।

लामो समयसम्म घरमै बस्दा विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा बाधा पुग्ने, अभिभावकहरुलाई पनि निरन्तररूपमा घर व्यस्त राख्न कठिनाई सिर्जना हुने, बालबालिकाहरु मोबाइल फोन, टिभीमा व्यस्त हुने तथा घर बाहिर असुरक्षित किसिमले घुमफिर गर्दा विविध समस्या सिर्जना हुन सक्ने भएकाले छिटो विद्यालय खुलोस् भन्ने अभिभावकहरुको चाहना रहेको बताएका छन्।

# राप्ती नदीमा १७ घडियालको गुँड

भरतपुर। राप्ती नदीमा १७ घडियाल गोहीको गुँड भेटिएको छ। चितवन राष्ट्रिय निकुञ्जले गत चैत १ गतेदेखि राप्ती नदीमा गोहीको गुँड खोज्ने काम सुरू गरेको थियो। सोही समयमा ती गुँड भेटिएको हो।


निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार दुई जना बोटे समुदायका व्यक्तिलाई लगाएर गुँड खोजिएको हो। हरेक वर्ष चैतमा गुँड खोजेर वैशाखमा ती गुँडबाट अण्डा सङ्कलन गरिन्छ। उहाँका अनुसार अण्डा सङ्कलनको काम यही वैशाख १० गतेदेखि सुरू गरिने छ।

उनले भने, 'अहिले गुँड पहिचानको काम सकिएको छ। अब हामीले कुन कुन गुँडबाट अण्डा निकाल्ने भन्ने छलफल गरेर अण्डा सङ्कलन गर्छौं।'

गुँडमा रहेका अण्डा सङ्कलन गरी कार्यालयमा रहेको गोही प्रजनन केन्द्रमा लगेर बच्चा कोरल्ने प्रक्रिया सुरू गरिने उनले जानकारी दिए। यसअघिका वर्षहरूमा निकुञ्जले राप्ती र नारायणी नदीमा गोहीका गुँड खोज्ने काम गरे पनि यसवर्ष राप्ती नदीमा मात्र खोजिएको हो।

निकुञ्जको प्रजनन केन्द्रमा गोहीको अण्डाबाट चल्ला निकालिए पछि ती चल्ला हुर्काएर पुनः नदीमा छोड्ने गरिन्छ।

## फिल्म/मनोरञ्जन



# "परालको आगो" प्रदर्शन अगावै सय बढी शोज

काठमाडौं। आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्गहित 'परालको आगो' कथाबाट प्रेरित भएर बनेको सोही नामको फिल्म यही शुक्रबार (११ वैशाख)बाट प्रदर्शनमा आउँदैछ। गीतदेखि टिजर-ट्रेलरसम्मले दर्शकमा बढाएको कौतुहलता र बलियो 'स्टारकास्ट'का कारण फिल्मले घरेलु बक्स अफिसमा सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ।



फिल्म प्रदर्शनका लागि अब तीन बाँकी रहँदा हलहरूले अग्रिम टिकट बुकिङ खुलाउन थालेका छन्। फिल्मलाई देशभरका हलहरूले पर्याप्य शोज उपलब्ध गराएका छन्। बुधबार दिउँसो ११ बजेसम्म फिल्मले देशव्यापी १ सयभन्दा बढी शोज पाइसकेको छ। अझै केही हलहरूले बुकिङ खुलाउन बाँकी रहेकाले शोजको संख्या १३० हाराहारी पुग्ने देखिन्छ।

यो फिल्मका लागि अब सबैभन्दा ठूलो चुनौती प्राप्त शोजलाई अकुपेन्सीमा बदल्नु हो। त्यसका लागि फिल्मले दर्शकीय प्रतिक्रिया सकारात्मक पाउनुपर्नेछ। फिल्मको व्यावसायिक भविष्य पनि यसले नै निर्धारण गर्नेछ। सोलो रिलिज र शनिबार-आइतबारको विदाका कारण फिल्मलाई व्यापारिक रूपमा भने अनुकूल अवस्था देखिएको छ।

२ घन्टा १५ मिनेट रनटाइम तय भएको यस फिल्ममा सौगात मल्ल, प्रकाश सपूत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, मन्जिला बानियाँ लगायतको अभिनय रहेको छ। लक्ष्मण सुनारको निर्देशनमा बनेको फिल्मका निर्माता सुशील पोखरेल हुन्। यसमा सुशील देवकोटाको पटकथा तथा संवाद लेखन छ। -फिल्मीखबरबाट।

# बक्स अफिसमा कमजोर बन्दै "पहाड"

काठमाडौं। कुनै समय थियो, निर्देशक तुलसी घिमिरेको नाम मात्रैले पनि फिल्म चल्थ्यो। उनका फिल्मले निराश बनाउँदैन भन्ने विश्वासमा दर्शक हलसम्म पुग्थे। यसैले त २ दशकअघि उनका हरेक फिल्मले व्यापारमा कीर्तिमान बनाउँथे। तर, अहिले समय फेरिएको छ। दर्शक फेरिएका छन्। फिल्ममा कथा भन्ने शैली फेरिएको छ। जसको असर उनको फिल्ममा पनि परिरहेको छ।




कुनै बेला बक्स अफिसका 'हिट मेसिन' कहलिएका निर्देशक घिमिरे डेढ दशकदेखि श्रृंखलाबद्ध रुपमा फिल्मको असफलतासँग जुधिरहेका छन्। उनलाई आफ्नो कालजयी फिल्म 'दर्पण छायाँ'को दोस्रो श्रृंखलाले समेत व्यावसायिक सफलता दिलाउन सकेन। ८ वर्षपछि फिल्म 'पहाड'बाट निर्देशनमा फर्किएका उनलाई यसले पनि ठूलो धक्का दिएको छ।

नयाँ वर्षको अवसर पारेर वैशाख १ गतेदेखि प्रदर्शनमा आएको उक्त फिल्मले बक्स अफिसमा अपेक्षित व्यापार गर्न सकेको छैन। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको विवरणमा फिल्मको ५ दिनको कमाइ ४६ लाख ७६ हजार ६३७ रुपैयाँ ग्रस थियो। मंगलबारसम्म फिल्मले ५० लाखमाथि कमाएको छ। तर, अब फिल्मको लगानी उठ्ने सम्भावना भने देखिँदैन।

फिल्मले बुकिङ खुल्दा पाएको कुल शोजमध्ये आधाभन्दा बढी कटौती भइसकेको छ। सुरुमा ३-४ वटासम्म शो दिएका हलहरूले दर्शक अभावका कारण आइतबारदेखि एउटा शो दिएर फिल्म चलाइरहेका छन्। केही हलबाट फिल्म उत्रिने अवस्थामा समेत पुगेको छ। 'वर्ड अफ माउथ' बलियो नहुँदा फिल्मलाई व्यापारिक गति बढाउन मुस्किल भएको देखिन्छ।

यो फिल्ममा स्थापित कलाकारहरूको 'पल्टन' नै छ। ५० लाखमाथि पारिश्रमिक लिने अभिनेता विपिन कार्कीको समेत फिल्ममा मुख्य भूमिका रहेको छ।

तर, न निर्देशक न कलाकारको नामले हलसम्म दर्शक पुगेका छन्। अब कुनै चमत्कार नभए फिल्मले ठूलो घाटा बेहोर्ने निश्चित देखिन्छ। कमजोर कथावाचन र अपर्याप्त प्रचारका कारण 'पहाड' बक्स अफिसमा ढल्न पुगेको प्रस्ट छ।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# क्रिकेट रङ्गशालाको भौतिक प्रगति सकियो ५० प्रतिशत

भरतपुर। चितवनको भरतपुर महानगरपालिका-१५, मा निर्माण भइरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको भौतिक प्रगति ५० प्रतिशत पुगेको छ। रङ्गशालामा मैदान बनाउन काम सुरू भएको छ। वर्षाअघि नै मैदानमा बर्मुडा घाँस रोप्ने तयारी छ। सम्झौताअनुसार निर्माणको काम सक्न अब ९ महिना मात्र बाँकी छ।

भरतपुर महानगरपालिकाले बागमती प्रदेशको साझेदारीमा निर्माण गरिरहेको गौतमबुद्ध अन्तर र्राष्ट्रिय क्रिकेट रंगशालामा मैदान निर्माणको काम सुरू गरिएको छ। वर्षायाम सुरू हुनअघि नै मैदानमा बर्मुडा घाँस रोप्ने तयारी छ। त्यसका लागि अहिले मैदान सम्याउने, पानी निकासका लागि ड्रेनेज पाइप राख्ने काम भइरहको छ। नयाँ प्रविधिमा आधारित रहेर स्तरीय मैदान निर्माण भइरहेको रङ्गशाला निर्माण कम्पनी कालिञ्चोक बिबिआर जेभीका प्रोजेक्ट म्यानेजर धर्मेन्द्र गुप्ताले बताए।

२०८१ असार २३ गते भरतपुर महानगरपालिका र हिमालयन कालिञ्चोक बिबिआर जेभीले सम्झौता गरेपछि भदौदेखि रंगशालाको निर्माणको काम अघि बढेको थियो।

त्यसअघि धुर्मुस-सुन्तली फाउन्डेसनले आर्थिक अभाव



देखाउँदै रङ्गशाला निर्माणबाट हात झिकेको थियो। त्यसपछि रङ्गशाला लामो समय अलपत्र रह्यो। महानगरले बागमती प्रदेश सरकारसँग मिलेर ७८ करोड ५० लाख लागतमा रङ्गशाला निर्माणअघि बढाएपछि अहिले प्याराफिट निर्माण, दुईवटा भिआइपी टावर र मैदान निर्माण निर्माणको काम भइरहेको हो।

प्याराफिटका चारमध्ये ३ वटा ब्लक बनिसकेका छन्। भिआइपी टावरको दुई तलाकै ढलान सम्पन्न भइसकेको छ भने भित्री कामहरू पनि सकिनै लागेका छन्। अहिले समग्रमा भौतिक प्रगति ५० प्रतिशत पुगेको भरतपुर महानगरपालिकाका सिनियर डिभिजन इन्जिनियर सन्तोष आचार्यले जानकारी दिए।

पहिलो चरणको कामको सम्झौताअनुसार रङ्गशालामा १५ हजार क्षमताको प्याराफिट, अन्तर र्राष्ट्रिय मापदण्डको मैदान र पिच, दुई वटा भिआइपी टावर, स्कोर बोर्ड रहने छ। यो सम्झौताको निर्माण सम्पन्न हुँदा रङ्गशालामा प्याराफिटमा कुर्ची र फ्लड लाइट हुने छैन। रङ्गशालालाई पूर्ण अन्तर र्राष्ट्रियस्तरको बनाउन फ्लड लाइट र प्याराफिटमा कुर्ची आवश्यक पर्ने भएकाले ती पूर्वाधार निर्माणका लागि महानगरले सङ्घीय सरकारको सहयोग चाहेको छ।

त्यसका लागि सबै इस्टिमेटसहित छिट्टै आउँदो आर्थिक वर्ष २०८३/८४ का लागि संघीय र प्रदेश सरकारसँग बजेट माग गर्ने महानगरको तयारी भइरहेको महानगरका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले जानकारी दिए। सम्झौताअनुसार रङ्गशाला निर्माण कम्पनीले आउँदो पुस मसान्तभित्रमा रङ्गशाला निर्माण सम्पन्न गरी महानगरलाई बुझाउनुपर्ने छ।


**विज्ञापन गर्नु परेमा**

सम्पर्क :

९८४५०६७४१४

९८०९२५८००६


## रगतको ...

आव २०८०/८१ मा २९८ स्थानमा भएको रक्तदान कार्यक्रमबाट १८ हजार ४०९ युनिट र केन्द्रमा छ हजार ९२० युनिट रगत सङ्कलन भएको थियो। यसलाई हेर्दा केन्द्रमा आएर रक्तदान गर्नेहरुको सख्या घट्दो छ। गत वर्ष यहाँ ब्लड डोनर्स सोसाइटीले रक्तदान महोत्सव नै आयोजना गरी एक हजार ७१७ युनिट रगत सङ्कलन भएको थियो।

प्रमुख पौडेलले देशैभरबाट बिरामी यहाँ आउने भएकाले रगतको माग बर्सेनि बढेको बताए। रक्तदान गर्ने युवा जनशक्ति विदेश गएको, उमेर बढ्दै गएपछि उच्च रक्तचाप, मधुमेहजस्ता रोगका कारण रक्तदान गर्न नमिल्ने भएका कारण दाता घटेको उनको भनाइ छ। उनले भने, 'दाता घट्ने र माग बढ्ने हुँदा सन्तुलन मिलाउन कठिन हुने गरेको छ।' यहाँ माग उच्च हुँदा छिमेकी जिल्लाहरुबाट समेत रगत ल्याउने गरिन्छ।

केन्द्र सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी चितवन शाखाका सभापति हरि पौडेल छिमेकी १४ भन्दा बढी जिल्लाबाट सङ्कलन गरेर रगत ल्याउँदासमेत पुर्‍याउन नसकिएको बताउँछन्। यहाँ रहेका क्यान्सर अस्पताल, दुई मेडिकल कलेज, सरकार भरतपुर अस्पताल र निजी अस्पतालमा आउने घाइते र बिरामीहरुका लागि रगतको माग बढ्दा सन्तुलन मिलाउन नसकिएको उनले बताए। राजधानी काठमाडौँपछि धेरै रगत चितवनमा चाहिने भन्दै उनले सबैको साथ र सहयोगबाट मात्रै रगतको पूर्ति गर्न सकिने बताए।

देशभर रक्तदानमा उत्प्रेरणा गर्दै आएको ब्लड डोनर्स सोसाइटी नेपालका अध्यक्ष अर्जुन अधिकारी रेडक्रस सोसाइटीले सञ्चालन गरेका केन्द्रहरुले व्यवस्थापकीय रुपमा सुधार गर्नसकेमा रक्त सङ्कलन बढ्ने बताए। केन्द्रले आम रक्तदाता र संघ संस्थाहरुसँग समन्वयकारी भूमिका निर्वाह गरेर काम गर्नुपर्ने उनको सुझाव छ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा देशैभरिबाट बिरामी आउने गर्दछन्। सबैभन्दा बढी रगत क्यान्सर उपचारमा खपत हुने गर्दछ। यस्तै चितवन मेडिकल कलेजले क्यान्सर इन्स्टिच्युट सञ्चालन गरेको छ। जहाँ रगतको माग उच्च हुने गर्दछ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा भोजराज अधिकारी रक्तदाताहरुलाई उत्प्रेरित गर्नुपर्ने बताउँछन्। विद्यालय र क्याम्पसका पाठ्यक्रमहरुमा रक्तदानको महत्वको बारेमा जानकारी गराउनु पर्ने भन्दै उनले रक्तदान गर्नेहरुलाई राज्यका तर्फबाट केही सहुलियत हुनुपर्ने बताए। उनले आफूले सञ्चालन गरेको श्री पुष्पाञ्जली अस्पतालमा स्थापनाका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ जनाले रगत दिएकोमा १८ नयाँ भएको भन्दै उनले नयाँ रक्तदातालाई राज्यकै तर्फबाट उत्प्रेरित गर्नुपर्ने बताए।

## भरतपुर महानगरको ...

लगानीसमेत कम भएको भन्दै उनले शिक्षा सुधारका लागि लगानी थपेर हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने देखिएको बताए। शिक्षा क्षेत्रमा लामो अनुभव सँगालेका कृषि तथा वन विज्ञान विश्वविद्यालयका संस्थापक रजिष्टार प्राडा सूर्यकान्त घिमिरे सरकारी विद्यालयहरुमा पर्याप्त जनशक्ति रहेको, पूर्वाधारहरु पनि सुधार भइसकेको अवस्थामा पनि नतिजा दिन नसक्नु राम्रो नभएको बताउँछन्।

सरकारी विद्यालयमा अझै सुधार हुन नसकेको भन्दै उनले सूक्ष्मरुपमा अध्ययन गरी शिक्षकहरुलाई आफ्नो काममा कसरी दिलचस्वी पुर्‍याउने भन्नेमा लाग्नुपर्ने बताए। विद्यालयहरुले शिक्षकहरुलाई पढाउने कलासम्बन्धी तालिम दिएर शिक्षामा सुधार ल्याउनुपर्ने उनको भनाइ छ।

शिक्षा क्षेत्रमा काम गर्दै आएका रमाकान्त सापकोटा शिक्षा क्षेत्रमा नयाँ शैली अपनाउनुपर्ने अवस्था आएको बताउँछन्। शिक्षकले प्रविधिलाई जोडेर पढाउनुपर्ने भन्दै उनले शिक्षक मात्र नभएर विद्यार्थीहरुले पढ्ने कुरामा दिने कम रुचिलाई कसरी बढाउने भन्ने बारेमा सोच्नुपर्ने बताए। पुरानो तौरतरिकालाई परिवर्तन गरी नयाँ ढङ्गले पढाउने विषयमा महानगरपालिकाले सोच्नुपर्ने उनको सुझाव छ।

भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारी विद्यालय तहदेखि नै शैक्षिक गुणस्तर बढाउन आवश्यक रहेको स्वीकार गर्छन्। अहिले आएको नतिजा राज्यको शिक्षा क्षेत्रको लगानीको तुलनामा निकै कम भएको भन्दै उनले शिक्षा सुधार गर्न आफूहरुसहित विद्यालय, त्यहाँका शिक्षक, विद्यार्थी र अभिभावक सबै संयुक्तरूपमा लाग्नुपर्ने उनको भनाइ छ। यो नतिजालाई हेरेर महानगरपालिकाले आवश्यक छलफल गरी सुधारका लागि काम गर्ने उनले बताए।

## भरतपुर ...

प्रभाव पार्ने विश्वास व्यक्त गरे।

त्यस्तै, चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीले एउटै स्थानबाट विभिन्न सवारी साधन अवलोकन तथा खरिद गर्न पाउनु उपभोक्ताका लागि सहज र लाभदायक हुने बताए।

कार्यक्रमका आयोजकका अनुसार अटो शोको मुख्य उद्देश्य नयाँ प्रविधि र सवारी साधनलाई उपभोक्तासमक्ष ल्याउनु हो। विशेष गरी विद्युतीय सवारी (ईभी) र स्मार्ट मोबिलिटी समाधानबारे जानकारी दिने, बजारमा आएको नवीनतम मोडलहरू प्रदर्शन गर्ने तथा सुस्ताएको अटोमोबाइल बजारलाई चलायमान बनाउने लक्ष्य राखिएको छ।

संयोजक राजन पियाका अनुसार सवारी साधन, स्पेयर पाट्र्स, लुब्रिकेन्ट्स तथा बैंकिङ र इन्स्योरेन्स सेवा एकै ठाउँमा उपलब्ध हुनेछन्, जसले उपभोक्तालाई निर्णय लिन थप सजिलो बनाउनेछ।

अटो शोमा करिब ७५ वटा स्टल रहनेछन्, जहाँ विभिन्न ब्राण्डका कार, जिप, मोटरसाइकल र स्कुटर प्रदर्शन गरिनेछ। साथै, ग्राहकहरूका लागि विशेष छुट, आकर्षक अफर तथा तत्कालै फाइनान्स र बीमा सुविधा उपलब्ध हुनेछ।

कार्यक्रममा सहभागी हुनेमध्येबाट तीन जना भाग्यशाली दर्शकलाई लक्की ड्रमार्फत उपहार प्रदान गरिनेछ। सामाजिक सञ्जालमा प्रचार सामग्रीलाई बढी शेयर र भ्युज गराउनेलाई पनि पुरस्कारको व्यवस्था गरिएको छ।

यसका अतिरिक्त, कार्यक्रममा पुराना भिन्टेज सवारी साधन र महँगा बिग बाइकहरूको विशेष प्रदर्शनी हुनेछ। मोटरसाइकल स्टन्ट, जिमखाना, टिडिएस च्यालीजस्ता गतिविधिहरूले कार्यक्रमलाई थप आकर्षक बनाउनेछन्।

तेस्रो दिन अटो क्षेत्रका विज्ञहरूको सहभागितामा सेमिनार आयोजना हुनेछ भने चौथो दिन विद्यालयस्तरीय विद्यार्थी र अभिभावकलाई लक्षित गरी हेल्मेट प्रयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

आयोजकका अनुसार करिब १० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको यस अटो शोबाट झण्डै ५० करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने अनुमान छ। दैनिक रूपमा स्थानीय कलाकारहरूको सांस्कृतिक प्रस्तुति पनि कार्यक्रमको आकर्षण रहनेछ।

## आदिवासी ...

दिएका थिए।

प्रशिक्षणमा सहभागीहरुलाई चार समूह विभाजन गरिएको थियो भने समूह कार्य र प्रस्तुति समेत गराइएको थियो।

एनएफडीनका उपाध्यक्ष रेशम गुरुको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो भने सञ्चालन सुचित्रा रानाले गरेका थिए।

कार्यक्रममा तामाङ, गुरुङ, मगर, नेवार, राई, दराई, बोटेलगायत तीस जना बढीको सहभागिता रहेको थियो। सहभागीहरुले कार्यक्रमलाई सकारात्मक रुपमा लिँदै समाज रुपान्तरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।


**न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा**

www.newsprabah.com


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

न्यूजप्रवाह साप्ताहिक Newsprabah weekly

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष**: यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष**: यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन**: यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट**: यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह**: रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या**: यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला**: यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक**: आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु**: यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर**: शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ**: यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन**: यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# क्यान्सर अस्पतालमा फोटो खिच्न निषेध

भरतपुर। विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा अब अनुमतिबिना अस्पताल परिसरभित्र फोटो तथा भिडियो खिच्न नपाइने भन्दै कार्यकारी निर्देशक डा. शिवजी पौडेलद्वारा सार्वजनिक सूचना जारी गरिएको हो।



नपाइने भएको छ। अस्पताल प्रशासनले अनुमतिबिना फोटो तथा भिडियो सामग्री खिच्न नपाइने सूचना प्रकाशित गरेको हो।

क्यान्सर अस्पतालका कर्मचारी तथा सेवाग्राही सबैलाई अस्पताल प्रशासनको अनुमतिबिना फोटो सूचना प्रकाशित भएसँगै अस्पताल प्रशासनको तीव्र आलोचना भएको छ। जेनजी समूह चितवनले विज्ञप्ति जारी गरी सूचना फिर्ता लिन दबाब दिएको छ। सेवाग्राही एवम् सरोकारवालाहरुले अस्पतालको सम्बन्धमा उठाएका जनआवाज र सरोकारका विषयलाई अस्पताल प्रशासनले पूर्वाग्रही ढङ्गले फोटो तथा भिडियो खिच्न नपाइने सूचना निकालेको आरोप जेनजी समूहले लगाएको छ।

अस्पतालजस्तो सार्वजनिक एवम् सबै नागरिकको साझा स्थलमा फोटो, भिडियो खिच्न प्रतिबन्ध लगाउनु निन्दनीय, आपत्तिजनक र लोकतान्त्रिक मूल्यमान्यताविपरीत रहेको जेनजी समूहले ठहर गरेको छ।

अस्पताल प्रशासनले लगाएको उक्त प्रतिबन्ध तुरून्त खारेज गरी नागरिकको संवैधानिक अधिकारको सम्मान गर्न पनि समूहले अस्पताल प्रशासनसँग माग गरेको छ। अस्पतालमा सहज ढङ्गले सेवा नपाइने, फार्मेसीमा औषधि नपाइने, बिचौलियामार्फत काम गर्नुपर्नेजस्ता गुनासो विगतदेखि नै आइरहेको छ।

# नमुना टोलमा पुरुषोत्तम पोखरेल निर्वाचित

भरतपुर। भरतपुर-५, नारायणपुरको नमुना टोल विकास संस्थाको अध्यक्षमा पुरुषोत्तम पोखरेल निर्वाचित भएको छ। संस्थाको १४औं वार्षिक साधारण सभा तथा नवौं अधिवेशनबाट पोखरेल निर्वाचित भएका हुन्।

अधिवेशनबाट उपाध्यक्षमा सरस्वती दवाडी न्यौपाने, सचिवमा खरबहादुर तामाङ, कोषाध्यक्षमा मिनराज तामाङ, सहसचिवमा कमल जैसी तिमिल्सिना निर्विरोध चयन भएका छन्।

यस्तैगरी सदस्यहरुमा दिपक-प्रसाद भट्ट, संगीता श्रेष्ठ चयन गरिएको छ अन्य सदस्यहरु संस्थाको पहिलो बैठकको निर्णयबाट छानिने नवनिर्वाचित सचिव खरबहादुर तामाङले जानकारी दिए।




त्यस्तैगरी लेखा समिति संयोजकमा एकनारायण पोखरेल, सदस्यहरुमा राधिका श्रेष्ठ, पृथ्वी ढकाल तथा सल्लाहकार समिति संयोजकमा गणेशमान तामाङ, सदस्यहरुमा गोपाल सापकोटा, केशकुमारी श्रेष्ठ रामचन्द्र तामाङ छानिएका हुन्।


## डिभिजन वन कार्यालय, चितवनको अनुरोध

- गर्मीयामको सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने संभावना भएकोले यसवाट जनधन, वन, वन्यजन्तु तथा जैविक विविधताको ठुलो क्षति हुन सक्दछ। त्यसैले वन डढेलोवाट बच्न निम्न तरीकाहरु अपनाऔं।
- बस्ती तथा वन जंगलको छेउछाउमा आगो नवालौं।
- चुरोट विंडी खाएर आगो सहितको ठुटा जहाँतहीं नफलौं।
- सामुदायिक वन, कबुलियती वन उपभोक्ता समुहहरुले वनमा भएका पातपतिङ्गर तथा सोत्तरसफा गरी अग्नीरेखा निर्माण गरौं
- वन भोज जाँदा सकेसम्म वन जंगल बाहिर जाने गरौं। वनभोज सकिए पछि आगो राम्ररी निभाऔं।
- नजिकको वन क्षेत्रमा आगलागी भएमा उपभोक्ता, वन कर्मचारी एवं प्रहरी प्रशासनको सहयोगमा निभाऔं।
- वनमा आगो लगाउनु दण्डनिय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारवाही गराऔं।
- सकेसम्म वनमा डढेलो लाग्न नदिऔं, लागी हालेमा सवै मिली तुरुन्त निभाऔं, आफु बच्न वनलाई बचाऔं।
- कोही कसैले जानी जानी राष्ट्रिय वनमा आगो लगाउने अपराध गरे गराएमा बिगो (नोक्सान भएको रुख विरुवाको मुल्य) असुल गरी रु.६००००।- सम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

खवरका लागि प्रहरीको फोन नं. १००
डिभिजन वन कार्यालय चितवनको ९८५५०९२२२२
९८५५०५७२१५

डिभिजन वन कार्यालय, चितवन

फोन : ९८४६४७५३४१
९८४६८५२९१५

# गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"

## तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.

Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.

मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर

कुनै पनि किसिमको घर तथा ब्यबसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौ।



मुख्य कार्यालय मो. : ९८६५०४२९५६
९८४५९२७८८१
शाखा कार्यालय मो. : ९८४३९१४०३१
तामाङ छिटोछरितो निर्माण सेवा प्राली
TikTok


## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


"तपाईको सेवामा, आजै कल गर्नुहोस्"



- चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४